सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

KHABAR DARPAN PRIMARY
CURRENT ACCOUNT • 2337087445300018

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

♦ वर्ष ९ ♦ अंक ३५९ ♦ २०८३ साल असोज ४ आइतवार ♦ 20 Sep 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## संविधान दिवसको अवसर पारेर नौ वर्षपछि २४२ परिवारको हातमा जग्गाधनी पुर्जा



**खबर दर्पण समाचारदाता**

**असोज ३ गते, महेन्द्रनगर**

नापजाँच सम्पन्न भएको नौ वर्षपछि धनुषाको क्षिरेश्वरनाथ नगरपालिका-२ का २४२ परिवारले जग्गाधनी प्रमाण पुर्जा पाएका छन् । संविधान दिवस तथा राष्ट्रिय दिवसका अवसरमा शनिबार उनीहरूलाई पुर्जा वितरण गरिएको हो ।

साविक रमदैयाँ भवाडी गाउँपालिकाका वडा नं. १, ५ र ९ मा स्ववासीका रूपमा बसोबास गर्दै आएका परिवारको जग्गा नापजाँच २०७४ सालमै सम्पन्न भएको थियो । नापजाँच सकिए पनि कानुनी तथा प्रशासनिक प्रक्रिया पूरा हुन नसक्दा उनीहरू पुर्जाविहीन अवस्थामा थिए ।

लामो समयदेखि रोकिएको प्रक्रिया पूरा भएपछि धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले २४२ परिवारलाई जग्गाधनी प्रमाण पुर्जा वितरण गर्नुभयो ।

पुर्जा पाएपछि पुस्तौँदेखि स्ववासीका रूपमा बसोबास गर्दै आएका परिवारको जग्गामाथिको कानुनी स्वामित्व स्थापित भएको छ । पुर्जा नहुँदा जग्गा कारोबार, बैंक तथा वित्तीय संस्थाबाट ऋण लिन तथा भूमिसम्बन्धी कानुनी प्रक्रिया अघि बढाउन समस्या हुँदै आएको स्थानीयको भनाइ छ ।

नापी कार्यालय धनुषाका अनुसार जग्गाधनी प्रमाण पुर्जा प्राप्त भएपछि सम्बन्धित जग्गाको कानुनी कारोबार तथा बैकिङ प्रयोजनमा प्रयोग गर्न सहज हुनेछ। साथै जग्गासम्बन्धी विवाद निरुपणमा समेत पुर्जाले आधार प्रदान गर्नेछ ।

कार्यालयका अनुसार धनुषामा विभिन्न स्थानका चार हजार ३५४ परिवारलाई यसअघि नै जग्गाधनी प्रमाण पुर्जा वितरण भइसकेको छ ।

लामो समयदेखि नापजाँच सम्पन्न भएर पनि दर्ता तथा पुर्जा वितरण हुन बाँकी रहेका स्ववासी परिवारलाई कानुनी प्रक्रिया पूरा गरी पुर्जा वितरण गर्ने कामलाई निरन्तरता दिइएको कार्यालयले जनाएको छ ।

## संविधानको मूल भावनाअनुरूप अघि बढ्न प्रदेश प्रमुखको आग्रह




**खबर दर्पण समाचारदाता**

**असोज ३ गते, बर्दिबास**

मधेश प्रदेशका प्रदेश प्रमुख सुरेन्द्र लाभ कर्णले संविधानको संरक्षण र प्रभावकारी कार्यान्वयन गर्दै यसको मूल भावना र मर्मअनुरूप अघि बढ्न सबैमा आग्रह गर्नुभएको छ ।

संविधान दिवस तथा राष्ट्रिय दिवसका अवसरमा शनिबार शुभकामना सन्देश जारी गर्दै प्रदेश प्रमुख कर्णले संविधानका मूल मर्म र भावनालाई आत्मसात् गर्दै सुशासन, राष्ट्रिय एकता र सामाजिक सद्भाव सुदृढ गर्नु सबैको साझा दायित्व भएको बताउनुभएको हो ।

उहाँले नेपाली जनताको लामो संघर्ष, त्याग र बलिदानबाट प्राप्त नेपालको संविधान संघीय लोकतान्त्रिक गणतन्त्र, विधिको शासन, मौलिक हक, सामाजिक न्याय, समानता र समावेशिताको आधारस्तम्भका रूपमा रहेको उल्लेख गर्नुभएको छ ।

प्रदेश प्रमुख कर्णले संविधानले सुनिश्चित गरेका अधिकार र व्यवस्थाको प्रभावकारी कार्यान्वयनमार्फत नागरिकको जीवनमा सकारात्मक परिवर्तन ल्याउनुपर्नेमा जोड दिनुभएको छ ।

संविधान दिवसले संविधानप्रतिको निष्ठा र

*बाँकी पृष्ठ ३ मा*

## महोत्तरीमा संविधान दिवसमा बिरामी र कैदीबन्दीलाई फलफूल

**खबर दर्पण समाचारदाता**

**असोज ३ गते, बर्दिबास**

संविधान दिवस तथा राष्ट्रिय दिवस २०८३ को अवसरमा जिल्ला प्रशासन कार्यालय महोत्तरीले अस्पतालमा उपचार रत बिरामी र कारागारमा रहेका कैदीबन्दीलाई फलफूल वितरण गरेको छ ।

जिल्ला प्रशासन कार्यालयको आयोजनामा जलेश्वर अस्पतालमा उपचाररत बिरामी तथा जलेश्वर कारागारमा रहेका कैदीबन्दीलाई फलफूल वितरण गरिएको हो ।

कार्यक्रममा महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवसहित जिल्ला प्रशासन कार्यालयका कर्मचारी तथा सम्बन्धित निकायका प्रतिनिधिले अस्पताल र कारागारमा पुगेर बिरामी तथा कैदीबन्दीको अवस्था बुझेका थिए। सो क्रममा उनीहरूलाई फलफूल वितरण गरिएको थियो ।

प्रमुख जिल्ला अधिकारी यादवले संविधान दिवसलाई औपचारिक कार्यक्रमका रूपमा मात्र सीमित नराखी समाजका विभिन्न वर्ग तथा समुदायसँग जोडेर मनाउने उद्देश्यले अस्पताल र कारागारमा फलफूल वितरण गरिएको बताउनुभयो ।



उहाँले उपचारका क्रममा अस्पतालमा रहेका बिरामी तथा कारागारमा रहेका कैदीबन्दीको अवस्था बुझ्नका साथै उनीहरूप्रति मानवीय संवेदना र सामाजिक उत्तरदायित्व व्यक्त गर्न कार्यक्रम आयोजना गरिएको जानकारी दिनुभयो ।

संविधान दिवसका अवसरमा जिल्ला प्रशासन कार्यालयले सामाजिक सेवा तथा मानवीय सहयोगका विभिन्न गतिविधि सञ्चालन गर्दै आएको जनाएको छ । यसैक्रममा यस वर्ष अस्पतालमा उपचाररत बिरामी र कारागारमा रहेका कैदीबन्दीलाई लक्षित गरी फलफूल वितरण गरिएको हो ।

प्रशासनका अनुसार संविधानले प्रत्याभूत गरेको मानव अधिकार, समानता र सामाजिक न्यायको भावनालाई व्यवहारमा जोड्ने उद्देश्यले दिवसका अवसरमा सेवामूलक तथा सामाजिक गतिविधिलाई पनि प्राथमिकता दिइएको हो ।

## गाँजा ओसारपसारमा संलग्न दुई जना बर्दिबासबाट पक्राउ




**खबर दर्पण समाचारदाता**

**असोज ३ गते, बर्दिबास**

महोत्तरीको बर्दिबासबाट पिकअपको फल्स बटममा लुकाएर ओसारपसार गरिरहेको अवस्थामा प्रहरीले १९६ किलो गाँजासहित दुई जनालाई पक्राउ गरेको छ।

इलाका प्रहरी कार्यालय बर्दिबासबाट खटिएको प्रहरी टोलीले शुक्रबार गोप्य सूचनाका आधारमा बर्दिबास नगरपालिका-१ मा बा ५ च ८००१ नम्बरको पिकअप रोकी जाँच गर्ने क्रममा चालक धादिङको गल्छी गाउँपालिका-२ खरीढुङ्गाका २६ वर्षीय रोशन भुजेललाई नियन्त्रणमा लिएको थियो।

*बाँकी पृष्ठ ३ मा*

# 'माटो सुहाउँदो' संविधान बने विश्वगुरु राष्ट्र बन्नेछ नेपाल



अच्युतकृष्ण शरण

असोज ३ गते देशभर विविध औपचारिक कार्यक्रमसहित संविधान दिवस मनाईदै छ । हरेक वर्ष राष्ट्रिय झण्डा फहराउने, सरकारी कार्यालयहरूमा दीप प्रज्वलन गर्ने, औपचारिक समारोह आयोजना गर्ने र शुभकामना आदानप्रदान गर्दै संविधानको रक्षा, लोकतन्त्रको सुदृढीकरण र समृद्धिको प्रतिबद्धता दोहोर्याउने काम भइरहेकै छ। तर, के केवल औपचारिकता निभाउँदैमा संविधानको मर्म पुरा हुन्छ ?

आज राष्ट्रले, राजनीतिक नेतृत्वले, दलहरूले र आम नागरिकले पनि आफैंलाई हामीले जुन नेपालको सपना संविधानका अक्षर हरूमा लेख्यौं, आजको यथार्थ त्यसको कति नजिक छ ? भन्ने एउटा गम्भीर प्रश्न सोध्नुपर्ने समय आएको छ ।

के संविधान दिवस केवल संविधान जारी भएको मिति स्मरण गर्ने एउटा वार्षिक उत्सव मात्र हो ? कि यो त संविधानले कल्पना गरेको राज्य नागरिकको दैनिक जीवनमा कति अवतरित भयो भनेर निर्मम समीक्षा गर्ने राष्ट्रिय आत्मपरीक्षणको दिन पनि हो ? नेपालको संविधानले देशलाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक, समावेशी, धर्मनिरपेक्ष र समाजवाद उन्मुख राज्यका रूपमा परि भाषित गरेको छ। प्रस्तावनाले दिगो शान्ति, सुशासन, विकास, समृद्धि, सामाजिक न्याय, मानव अधिकार, कानुनी राज्य र समावेशी लोकतन्त्रलाई राज्यका अविचलित लक्ष्य मानेको छ।

तर, जबजब देशमा भ्रष्टाचार, कुशासन, अपराध र राज्यको प्रभावकारितामाथि प्रश्न उठ्छन्, तबतब हाम्रा बहसहरू केवल राजनीतिक नेतृत्व र सत्ताको तत्कालीन असफलतामा सीमित हुने गर्छन् । निश्चय नै राज्य सञ्चालन गर्ने नेतृत्वको नियत, क्षमता, नैतिकता र कार्यशैलीको प्रत्यक्ष असर सुशासनमा पर्छ। तर, समस्याको सम्पूर्ण जरो नेतृत्वको अनुहारमा मात्रै सीमित हुँदैन भन्ने कुरा बुझ्न अब नेपालीले ढिलो गर्नु हुँदैन ।

जसरी कुनै पनि घरको मजबूती त्यसभित्र बस्ने मानिसको व्यवहार सँगै त्यसको जगको बनोटले निर्धारण गर्छ त्यसरी नै राज्यका लागि पनि संविधानको बलियो जग अपरिहार्य हुन्छ । त्यसैले देशको शासन, प्रशासन, कानुन र विकासमा देखिएका विकृतिहरूको वस्तुनिष्ठ मूल्यांकन गर्न शासक वा सरकार परिवर्तन गरेर मात्र पुग्दैन । मूल रुपमा संविधानको दर्शन, त्यसको आधार, राज्यको चरित्र र राष्ट्रिय यथार्थसँग यसको सामञ्जस्यतामा जोडिनुपर्छ। कुनै पनि संविधान सफल हुन त्यसले देशको इतिहास, सभ्यता, मौलिक पहिचान, भौगोलिक तथा सामाजिक यथार्थ र जनताको जीवन्त आकांक्षालाई कति आत्मसात् गरेको छ भन्ने कुरा महत्वपूर्ण हुन्छ। अधिकारसँगै कर्तव्य, स्वतन्त्रतासँगै अनुशासन, विकाससँगै पर्यावरण सन्तुलन, सत्तासँगै नैतिकता र लोकतन्त्रसँगै उत्तर दायित्वलाई संविधानले कसरी सन्तुलनमा राखेको छ ? संविधानको मूल्यांकन यिनै आधारमा हुनुपर्ने आवश्यकता सम्भवतः विश्वसमाजले नै महसुश गर्दैछ ।

आज नेपालको संविधानका पाना पल्टाउँदा मौलिक हक, स्वतन्त्रता, समावेशिता, सामाजिक न्याय र कल्याणकारी राज्यका आकर्षक प्रावधानहरू प्रशस्तै देखिन्छन् । कागजमा राज्यले नागरिकलाई पर्याप्त अधिकार र अवसरको ग्यारेन्टी गरेकै छ। तर, संविधान र कानुनको वास्तविक सामर्थ्य पानामा के लेखियो भन्नेमा भन्दा पनि आम नागरिकको दैनिक जीवनमा कति अनुभूत भयो भन्नेमा निर्भर हुन्छ।

हिजोका दिनमा हामीले संविधान मार्फत राज्यको बाह्य ढाँचा र संरचना त पटकपटक फेर्यौं। तर, के त्यसअनुकूलको राज्य सञ्चालन संस्कार, संस्थागत क्षमता, कानुनी स्पष्टता र नागरिक चेतना निर्माण गर्न सक्यौं ? आज स्थानीय तहदेखि प्रदेश र संघसम्म अधिकारको ताणतान, स्रोतको न्यायोचित वितरण र जिम्मेवारी बोधमा देखिएको अलमलले यही संरचनात्मक र संस्कार गत खाडललाई उजागर गर्छ।

संविधानको वास्तविक सफलता संसद् कति दिन चल्यो ? सरकार कति पटक फेरियो वा जनप्रतिनिधिले कति ओजनदार भाषण गरे ? भन्ने तथ्यांकले नाप्न सकिँदैन।

संविधानको वास्तविक परीक्षा सिंहदरबारका बैठक वा अदालतका इजलासमा मात्रै हुँदैन । यसको साँचो परीक्षा त किसानको हलोको सियोमा, युवाको आँखामा सजिएको सपनामा, र न्यायको याचना गरिरहेका नागरिकका आँसुमा हुन्छ।

संविधानको उपस्थिति सरकारी अड्डाका चिसो ढोकामा, अस्पतालका छटपटाइरहेका शैयामा, विद्यालयका कक्षाकोठामा अनि उद्योगीका अड्किएका फाइलहरूमा जाँचिन्छ । सबैभन्दा दर्दनाक रूपमा राज्यसँग निराश भएर त्रिभुवन विमानस्थलबाट मातृभूमि छाड्दै गरेका युवाको अन्तिम सुस्केरामा संविधानको सार्थकता नापिन्छ।

हाम्रो मौलिकता, इतिहास, गौरव, संस्कार र संस्कृतिको संरक्षण कागजमा भयो कि नागरिकको स्वाभिमानमा ? किसानले आफ्नो पसिना र श्रमको उचित मूल्य पायो कि पाएन् ? युवाले आफ्नै जन्मभूमिमा स्वाभिमानी भविष्य देख्यो कि देखेन् ? व्यवसायीले उद्योग चलाउन राज्यको संयन्त्रसँग जुध्नुपर्छ कि सहकार्यको हात पाउँछ ? नागरिक सरकारी अड्डामा आफ्नो अधिकार दावी गर्न जान्छ कि कसैको कृपा माग्न ?

अदालतबाट न्याय समयमै मिल्छ कि न्यायको पर्खाइमै पुस्ता बित्छ ? शिक्षाले सक्षम र चेतनावान् नागरिक बनाउँछ कि केवल प्रमाणपत्र बोकेका परीक्षार्थी ? अस्पतालले नागरिकको जीवन रक्षा गर्छ कि पैसाको अभावले उपचार नै नपाएर मर्न बाध्य पार्छ ? देशमा अवसर योग्यताले निर्धारण गर्छ कि पहुँच र भनसुनले ? यिनै प्रश्नहरूको इमानदार उत्तर नै संविधानको साँचो वार्षिक प्रतिवेदन हो ।

यदि संविधानले अधिकारको ग्यारेन्टी गर्छ तर नागरिकले न्याय पाउँदैन भने त्यो अधिकारको औचित्य के ? सुशासनको प्रतिबद्धताका बिच नागरिकले सेवा लिन बिचौलियाको शरण पर्नुपर्छ भने सुशासन कहाँ छ ? समानताको संवैधानिक नाराका बिच अवसरहरू शक्ति र पहुँचकै परिपरि घुम्छन् भने समानताको अर्थ के ? अनि समृद्धिको सपना देखाइएको देशमा युवाको अन्तिम गन्तव्य विदेश पलायन नै बनिरहन्छ भने संवैधानिक उपलब्धिहरूको मूल्यांकन कसरी गर्ने ?

भ्रष्टाचार, कुशासन र राजनीतिक अस्थिरतालाई केवल व्यक्तिको दोष मानेर पन्छाउनु समस्याको सतही व्याख्या मात्र हो। व्यक्ति र सरकार परिवर्तनसँगै राज्यको संवैधानिक दर्शन, संस्थागत संरचना, कार्यान्वयन क्षमता र शासकीय संस्कारको निर्मम पुनरावलोकन आवश्यक भइसकेको छ।

संविधानको महानता त्यसका पानामा कोरिएका अक्षरमा भन्दा त्यसले निर्माण गर्ने न्यायपूर्ण र मर्यादित समाजमा प्रतिबिम्बित हुनुपर्छ । अब संविधानबारेको बहस सत्ता र संसद्को सानो वृत्तबाट बाहिर निकालेर किसान, श्रमिक, विद्यार्थी, उद्यमी र देशको भविष्य बोकेर हिंडेका आम नागरिकको दृष्टिकोणबाट सुरु गरिनुपर्छ।

संविधान कति सुन्दर लेखियो ? भन्ने मुख्य विषय कदापी हुन सक्दैन। त्यसले नागरिकको जीवनलाई कति सुरक्षित, न्यायपूर्ण र मर्यादित बनाउन सक्यो ? भन्ने कुरा सधैं केन्द्रविन्दुमा रहनुपर्छ।

वर्तमान संविधान कति सफल वा असफल भयो भन्ने तथ्य अब छुट्टै विश्लेषण गरिरहनुपर्ने विषय रहेन । संविधान जारी गर्दाका तात्कालिक नेतृत्वदायी भूमिकामा रहेका पूर्वप्रधानमन्त्री, पूर्वराष्ट्रपतिदेखि दलका शीर्ष नेताहरूले नै यसका कतिपय प्रावधानप्रति सार्वजनिक रूपमै असन्तुष्टि व्यक्त गरिसकेका छन्। नेपालको संविधानमा कोरिएका सुन्दर शब्दहरू व्यवहारमा उतार्न सकिएको छैन भन्ने यथार्थलाई कानुनविद्, बौद्धिक जगत् र स्वयं राज्यका जिम्मेवार निकायहरूले स्वीकारिसकेका छन्।

आज संघ, प्रदेश र स्थानीय तहबीच अधिकारको बाँडफाँट, स्रोतसाधनको न्यायोचित वितरण र जिम्मेवारी बोधमा देखिएको स्पष्ट अलमलले हाम्रो संरचनात्मक र संस्कारगत खाडललाई छताछुल्ल पारेको छ । पटकपटक संविधान परिवर्तन हुँदा पनि मुलुकमा निरन्तरको राजनीतिक अस्थिरता, संघर्ष र आन्दोलनको शृङ्खला कायम रहनुले कागजमा कानुन लेख्नु र त्यसको व्यावहारिक कार्यान्वयन गर्नु दुई फरक कुरा हुन् भन्ने स्पष्ट पार्छ।

*बाँकी पृष्ठ ३ मा*

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# ‘माटो सुहाउँदो’ संविधान बने ..........

हालैको जेनजी आन्दोलन र जनभावनालाई सम्बोधन गर्न बनेको सरकारले संविधान संशोधनका लागि समिति गठन गरी सुझाव संकलनको प्रक्रिया अघि बढाएको छ । तर, नागरिकका सुझाव सुन्ने कार्यलाई ‘बिरालो बाँधेर श्राद्ध गरेजस्तो’ विशुद्ध कर्मकाण्डी र औपचारिक मात्र बनाइनु हुँदैन भन्ने कुरामा कति सचेत छन् भन्ने कुरा समयले प्रमाणित गर्ने नै छ। विगतका पुस्ताले दोहोर्याएका यस्तै गल्तीबाट नयाँ पुस्ताले पाठ सिक्दै फेरि उही भूल नदोहोरियोस् भन्दै आमनागरिकको हैसियतले खबरदारी सधैँ सवैले गर्नु नै पर्छ ।

जे होस्, आज नेपाल पुनः संविधानमा नयाँ अक्षरहरू लेखिने संवेदनशील मोडमा उभिएको छ । यस अवस्थामा सत्तासीन नेतृत्व, संसदका जनप्रतिनिधि, राजनीतिक दल र नागरिक समाज कसैले पनि निम्न मौलिक प्रश्नहरू भुल्लु हुँदैन ।

हाम्रा विगत र वर्तमानका संविधानमा उल्लेखित जनपक्षीय व्यवस्थाहरू किन कार्यान्वयन हुन सकेनन् ? तिनले आम नागरिकको जीवनमा वास्तविक परिवर्तन र राहत किन दिन सकेनन् ? पटकपटक शासकीय पद्धति र नेतृत्व फेरिँदा पनि जनताले सुशासनको अनुभूति किन गर्न पाएनन् ?

मलाई लाग्छ, नेपालका विगत र वर्तमानका संविधानहरूमा देशको ‘मातृत्व’ र मौलिकता नहुनु नै यसको मुख्य कारण हो । हाम्रा संविधान राष्ट्रको इतिहास, गौरव, पहिचान र प्राचीन सभ्यताको जगमा उभिएर बनेनन् । सोझो अर्थमा भन्दा, हाम्रा संविधान माटो सुहाउँदो भएनन् ।

आधुनिकताका नाममा विदेशीका आयातीत नारा र एजेन्डालाई हुबहु समावेश गरियो । नेपालको मौलिक शिक्षा, जीवनशैली र पूर्वीय दर्शनलाई उपेक्षा गरियो । राज्य सञ्चालन प्रणालीबाट धर्म, नैतिक मूल्य र वैदिक चेतना हराउँदै जाँदा नेतृत्वमा गैर जिम्मेवारीपन र नागरिकमा निराशा जस्ता विकृति झांगिए ।

तसर्थ, अब बन्ने वा संशोधन हुने संविधान पूर्ण रूपमा ‘नेपाली माटो सुहाउँदो’ हुनुपर्छ । यसमा हाम्रा हिमाल, पहाड र तराईको भौगोलिक तथा सांस्कृतिक यथार्थ प्रतिविम्बित हुनुपर्छ। ऐतिहासिक रूपमा नेपाल केवल सिमित सीमा रक्षाका लागि लड्ने मुलुक मात्र नभई विश्वकल्याण र विश्वशान्तिका लागि निरन्तर तपस्या र योगदान गर्ने भूखण्ड हो । ।

नेपालसँग यस्तो अनुपम सभ्यता, वैदिक वाङ्मय, सनातन शास्त्र र प्राचीन ज्ञानको भण्डार छ, जुन विश्वका अन्य कुनै पनि मुलुकमा पाइँदैन। यो भूमि स्वयम् देवभूमि, ऋषिमहर्षिहरूको तपोभूमि र वेद प्राकट्य भएको पवित्र स्थल हो। यहाँबाट विकसित भएको जीवनपद्धतिको सुरुआत र यसको महत्वलाई सम्पूर्ण विश्वले सहर्ष स्वीकारेको छ र कहिल्यै नकार्न सक्दैन।

आज सम्पूर्ण विश्व नै वातावरणीय संकट, अमानवीयता र अशान्तिको भुमरीमा फसिरहेका बेला नेपालको प्राचीन सभ्यता, ज्ञान, र अध्यात्म विश्व समाजकै लागि अपरिहार्य र अत्यावश्यक बनेको छ । त्यसैले, अब नेपालको संविधान केवल सांसारिक, भौतिक र बाह्य विकासमा मात्र केन्द्रित हुनु हुँदैन । यसले प्राकृतिक सन्तुलन, दिगो विकास र शान्तिमा आधारित सन्तुलित र आध्यात्मिक जीवनशैली को मार्गप्रशस्त गर्नुपर्छ ।

हाम्रो प्राचीन सभ्यता, शास्त्रीय ज्ञान र मौलिक मूल्य मान्यताको उपयोग गर्दै नेपालको संविधानमार्फत विश्वमै विकासको नयाँ परिभाषा स्थापित गर्नुपर्छ। हातहतियार र सैन्य शक्तिका आधारमा मात्र कुनै राष्ट्रलाई शक्तिशाली मान्ने परम्परागत दृष्टिकोणलाई फेर्दै मानवताको स्थिति, मुलुकको आन्तरिक शान्ति र प्राकृतिक सन्तुलनमा राष्ट्रले पुर्याएको योगदानका आधारमा सभ्यता र समृद्धि मापन गर्ने प्रणाली विकास गरिनुपर्छ ।

मानव सभ्यता, सांस्कृतिक धरोहर र प्राकृतिक सन्तुलनलाई तहसनहस पार्ने अन्धो भौतिक विकासको पछि दौडिन छाडेर नेपालले दिगो र प्रकृतिमैत्री समृद्धिको मार्ग अवलम्बन गर्नुपर्छ । राज्य सत्ता र शक्तिमा हुनेहरूका लागि मात्र सुविधाको माध्यम हो भन्ने भ्रमलाई पूर्णतः अन्त्य गरिनुपर्छ । आम नागरिकदेखि देशको नेतृत्वसम्म सबैलाई उत्तरदायी र जिम्मेवार बनाउने शासन व्यवस्था निर्माण गरिनुपर्छ ।

यदि यसो नगरी नेपाल पनि अन्य तथाकथित विकसित राष्ट्रहरुकै नीति र एजेण्डाको अन्धअनुकरणतिर लागिरहने हो भने हामीले यसको प्रत्यक्ष दुष्परिणाम निरन्तर भोगिरहनुपर्नेछ। जसको एउटा ज्वलन्त उदाहरण हालैको भोटेकोशी बाढी र त्यसले पारेको दूरगामी विनाशकारी असर हो। भौतिक विकासको अन्धधुन्ध दौडमा लाग्दा नेपालले मात्र नभई सम्पूर्ण विश्वसमाजले विगतमा पनि र आगामी दिनहरूमा पनि यस्ता अनेकौं भयानक प्राकृतिक विपद् र संकटहरू भोग्न बाध्य हुनुपर्नेछ ।

अहिले पनि विश्वसमाज जलसंकट, वायु प्रदूषण तथा विभिन्न वातावरणीय महामारीको पहिलो चरणबाट गुज्रिरहेको छ । यदि तत्काले हामीले हाम्रो शास्त्रीय, मानव सभ्यतागत र प्रकृतिमैत्री जीवनपद्धतिलाई नअपनाउने हो र नेपालको माटो सुहाउँदो नीतिको उपेक्षा गरिरहने हो भने कालान्तरमा यो विश्व र यसको अस्तित्व नै रहन्छ कि रहँदैन भन्ने गम्भीर प्रश्न हामीसामु खडा भइसकेको छ ।

तसर्थ, हामीले यस्तो संवैधानिक व्यवस्था निर्माण गर्नुपर्छ, जसले नेपाललाई आगामी दिनमा आध्यात्मिक, धार्मिक र प्राकृतिक जीवनपद्धतिको माध्यमबाट ‘विश्वको गुरु राष्ट्र’ का रूपमा पुनरुत्थान गर्न सकोस् ।

## गाँजा ओसारपसारमा .......

अनुसन्धानका क्रममा पिकअप चालकसँग प्र ३-०३-००१ प ३५२८ नम्बरको २२० सीसी पल्सर मोटरसाइकलका चालक मकवानपुरको मनहरी गाउँपालिका-७ का ३६ वर्षीय वीरेन्द्र स्याङ्बोले पटक-पटक सम्पर्क गरेको पाइएपछि उनलाई समेत नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ।

दुवै जनामाथि सोधपुछ गरेपछि शनिबार मिस्त्री बोलाएर पिकअपको ढालाको भाग जाँच गर्दा फल्स बटम बनाइएको शङ्का लागेपछि काटेर हेर्दा प्लास्टिकमा प्याक गरिएका १५ पोकामा १९६ किलो गाँजा फेला परेको इलाका प्रहरी कार्यालय बर्दिबासले जनाएको छ।

प्रहरीले गाँजासहित पिकअप, मोटरसाइकल र पक्राउ परेका दुवै जनालाई इलाका प्रहरी कार्यालय बर्दिबासमा राखेर थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ।

## महोत्तरीमा संविधान...

प्रतिबद्धतालाई थप सुदृढ बनाउँदै न्यायपूर्ण, समावेशी, सुशासित तथा समृद्ध नेपाल निर्माण गर्ने राष्ट्रिय संकल्पलाई सार्थक बनाउन प्रेरणा प्रदान गर्ने उहाँले विश्वास व्यक्त गर्नुभएको छ । प्रदेश प्रमुख कर्णले संविधान दिवस तथा राष्ट्रिय दिवसका अवसरमा स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइमा सुख, शान्ति, समृद्धि र प्रगतिका लागि शुभकामना व्यक्त गर्नुभएको छ।

**मादक पदार्थ नखाएर यात्रा गर्नुहोस् !**

“सुरक्षित यात्रा गरौं - मादक पदार्थको सेवन गरेर गाडी चलाउँदा जीवनको जोखिम बढ्दछ!“

**सवारी साधनमा सीट बेल्ट लगाउनुहोस!**

“सुरक्षितमा सवारी चलाउनुहोस् - सीट बेल्ट लगाउनु होला, दुर्घटनामा ज्यान जोगाउन!“

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनी खारेजी गरिएको सूचना**

यस कार्यालयमा मिति २०६६।०९।०९ मा दर्ता भएको प्रा.लि.नं.६८८९७ भएको गेम स्पट (प्रा.ली.) नामको कम्पनी यस कार्यालयको मिति २०८३।०६।०२ निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धीत सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।



# कांग्रेसले ४३ जिल्लाका ३३९६ वडामा गऱ्यो अधिवेशन

**खबर दर्पण समाचारदाता**
**असोज ३ गते, बर्दिवास**

नेपाली कांग्रेसले १५औँ केन्द्रीय महाधिवेशनअन्तर्गत आज ४३ जिल्लाका ३ हजार ३९६ वडामा अधिवेशन सम्पन्न गरेको छ ।नेपाली कांग्रेस केन्द्रीय निर्वाचन समितिका अनुसार पार्टीको केन्द्रीय कार्यसमितिको निर्णयअनुसार आगामी असोज १६ देखि १९ गतेसम्म १५औँ केन्द्रीय महाधिवेशन हुँदैछ ।त्यसअन्तर्गत आजदेखि वडा अधिवेशन प्रक्रिया सुरु भएको हो ।

निर्वाचन कार्यक्रमअन्तर्गत ताप्लेजुङ, पाँचथर, संखुवासभा, धनकुटा, सोलुखुम्बु, उदयपुर, झापा, मोरङ, महोत्तरी, रामेछाप, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, चितवन, भक्तपुर, ललितपुर, काठमाडौँ, गोरखा, कास्की, मनाङ, पर्वत, स्याङ्जा, बागलुङ, नवलपुर, पाल्पा, अर्घाखाँची, गुल्मी, रुकुम पूर्व, रोल्पा, प्युठान, रुकुम पश्चिम, डोल्पा, जुम्ला, मुगु, हुम्ला, जाजरकोट, दैलेख, सुर्खेत, डोटी, अछाम, दार्चुला, बैतडी, कञ्चनपुर र कैलालीका ३ हजार ३९६ वडामा अधिवेशन सम्पन्न भएको समितिले जनाएको छ ।

शनिवार सम्पन्न वडा अधिवेशनबाट वडा कार्यसमिति तथा क्षेत्रीय प्रतिनिधि चयन भएका छन् । कांग्रेसले वडा अधिवेशन उत्साहप्रद रूपमा प्रारम्भ भएको जनाएको छ। केन्द्रीय निर्वाचन समितिले प्रकाशित गरेको कार्यतालिकाअनुसार रसुवा, नुवाकोट र धादिङबाहेक अन्य ३१ जिल्लामा वडा अधिवेशन भोलि असोज ४ गते पनि जारी रहनेछ ।

कांग्रेसको १५औँ केन्द्रीय महाधिवेशन असोज १६ देखि १९ गतेसम्म हुने कार्यतालिका छ । त्यसअघि वडा तह हुँदै क्षेत्रीय र जिल्ला तहका अधिवेशन सम्पन्न गरिनेछ ।




मधेस प्रदेश सरकार
श्रम तथा यातायात मन्त्रालय
यातायात व्यवस्था कार्यालय
बर्दिवास महोत्तरी नेपाल

सुचना सुचना सुचना

समयमा सवारी कर तिरी ट्राफिक जरिवानाबाट बचौं ।
सभ्य नागरिकको परिचय दिऔं ।

यातायात व्यवस्था कार्यालय, वर्दिवास, महोत्तरी

डेंगुबाट कसरी बच्ने?

बाहुला भएको/शरीर ढाकिने लुगा लगाउने
दिउँसो सुत्दा पनि झुल प्रयोग गर्ने ।
साना केटाकेटीलाई जुनसुकै समयमा झुलभित्र सुताउने ।
लामखुट्टे भगाउने मलहम दल्न पनि सकिन्छ।
घरका झ्याल ढोकामा जाली लगाउने ।

डेंगुको उपचार के ?

डेंगु विरूद्धको कुनै औषधि नै बनेको छैन ।
डेंगु लाग्दा चिकित्सकको उच्च निगरानीमा बस्नुको विकल्प नै छैन ।
डेंगु लाग्दा मनलाग्दी औषधि सेवन गर्नुहुन्न ।
एन्टिबायोटिकको प्रयोग झनै घातक हुन सक्छ ।

जलेश्वर नगरपालिका, महोत्तरी

सचेत उपभोक्ता बनौं

सामान खरिद गर्दा देहायका बिषय एकिन गरौः
- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

सामान खरिद गर्दा सकेसम्म बैकिङ माध्यमबाट भुक्तानी गरौं
भुक्तानी गरेको मूल्य बराबरको बिल लिऔं

गौशाला नगरपालिका, महोत्तरी

स्वच्छ शहरः स्वस्थ्य शहर

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट-बिरुवा तथा फलफूलको संरक्षण गरौं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समय-समयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।

शहरलाई सफा राखौः सुन्दर बनाऔं।

रामगोपालपुर नगरपालिका, महोत्तरी

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ बर्ष नर्सिङ कलेज भएको
महोत्तरीको एकमात्र अस्पताल

२४ सै घण्टा इमर्जेन्सी सेवा
Endoscopy/Diode Laser सेवा
बिभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
ICU, NICU, PICU सेवा
Laproscopy सेवा
24/7 Ambulance सेवा
X-Ray, USG, CT Scan सेवा
क्याबिनको सेनेट व्यवस्था भएको




शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिबास, महोत्तरी
044-550255

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्केन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,